धनगढी उप–महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२०७३३
Email : info@dhangadhimun.gov.np
website : dhangadhimun.gov.np

प.सं. :- २०८०/८१
च.नं. :- ६०४

मिति :- २०८०।०४।२४

# सहभागितामूलक विद्युतीय चुलोको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मिति २०८० ।०४।२४**

उपरोक्त सम्बन्धमा यस धनगढी उप-महानगरपालिकाबाट नविकरणीय उर्जा प्रविधि जडान कार्यक्रम अन्तर्गत सहभागितामुलक विद्युतीय चुलो वितरण गर्ने कार्यक्रम रहेको हुनाले उक्त कार्यक्रमा सहभागी भई विद्युतीय चुलो (E-Induction Stove) लिन चाहने धनगढी उप-महानगरपालिकामा बसोबास गर्ने स्थानीय वासीहरुले तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८०।०५।०५ गते) भित्र नजिकको वडा कार्यालयमा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

नरेन्द्र बहादुर खाती
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु :-

१. यस कार्यक्रममा सहभागी हुन प्राप्त भएका निवेदनहरु जाँचबुझ गरी विद्युतीय चुलो दिने वा नदिने निर्णय कार्यालयले गर्नेछ।

२ विद्युतीय चुलो दिने भनी निर्णय भएका निवेदक स्थानीय वासीले कूल लागतको ३० प्रतिशतले हुने रकम चुलो लिँदाको समयमा कार्यालयमा नगद बुझाउनु पर्नेछ।

३. विद्युतीय चुलो सञ्चालनका लागि आवश्यक १५ AMP क्षमताको विद्युत जडान गर्ने र चाहिने भाडाकुँडाको व्यवस्था निवेदक स्वयम्ले गर्नु पर्नेछ।

४. विद्युतीय चुलो दिने वा नदिने सम्बन्धी सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ।